## 2021 निर्वाचन समिति उपक्षेत्रको संक्षिप्त आम निर्वाचन

**निर्वाचन समिति उपक्षेत्रको निर्वाचनहरु**

नेशनल पिपल्स् कंग्रेस ("NPC") ले 11 मार्च 2021 मा हङकङ विशेष प्रशासनिक क्षेत्रको निर्वाचन प्रणालीमा सुधार ल्याउने निर्णय ("निर्णय") पारित गर्यो र NPC को स्थायी समिति("NPCSC") लाई हङकङ विशेष प्रशासनिक क्षेत्रको प्रमुख कार्यकारी छनोट गर्ने प्रक्रियामा बेसिक ल को एनेक्स I संशोधन गर्न र HKSAR को विधान परिषद गठन गर्ने प्रक्रिया र यसको मतदान प्रक्रियामा बेसिक ल को एनेक्स II संशोधन गर्ने अधिकार दिइयो । NPCSC ले 30 मार्च 2021 मा संशोधित एनेक्स I र एनेक्स II लाई बेसिक ल मा समावेश गर्यो । HKSAR सरकारले सुधार भईरहेको निर्वाचन प्रणाली (एकिकृत संशोधन) बील 2021("द बील")लाई 14 अप्रिल 2021 मा विधान परिषद ("LegCo") समक्ष पेश गर्यो, जुन LegCo ले 27 मे 2021 मा पारित गरेको थियो । सुधार भईरहेको निर्वाचन प्रणाली (एकिकृत संशोधन) अध्यादेश 2021 लाई राजपत्रमा प्रकाशित गरियो र 31 मे 2021बाट लागु गरिएको थियो ।

बेसिक ल को एनेक्स I र एनेक्स II अनुसार, निर्वाचन समिति("EC") का 1500 सदस्यहरु हङकङको स्थायी निवासी हुनु पर्दछ, उनीहरुसँग प्रमुख कार्यकारी र केहि LegCo सदस्यहरुलाई निर्वाचन गर्ने जिम्मेवारी रहनेछ । EC सँग प्रमुख कार्यकारी (CE) र LegCo को निर्वाचनहरुमा उम्मेदवारहरु मनोनयन गर्ने उत्तरदायी पनि हुन्छ ।

EC मा पाँच क्षेत्रहरु छन्, प्रत्येकमा केहि संख्याका उपक्षेत्रहरु (जम्मा 40 उपक्षेत्रहरु) समावेश छन् ।

EC को निर्वाचन सदस्यहरु बन्न तीन तरिकाहरु छन्, जस्तै पदेन सदस्यता, निर्दिष्ट उपक्षेत्रहरुको तोकिएका निकायद्वारा मनोनयन र उपक्षेत्रहरुका दर्ता कर्पोरेट वा एकल मतदाताहरुले निर्वाचित गरेको हुनु पर्दछ । 40 उपक्षेत्रहरु मध्ये, NPC को HKSAR प्रतिनिधिहरु, चाईनिज पिपल्स् पोलिटिकल कन्सल्टेटिभ कन्फरेन्स ("CPPCC") नेशनल कमिटिका HKSAR सदस्यहरु, NPC स्थायी समिति अन्तर्गत HKSAR को बेसिक ल समिति हङकङका प्रतिनिधिहरु, LegCo सदस्यहरु, विश्वविद्यालयहरुका उपकुलपति वा सभापतिहरु वा राज्यपाल समितिका अध्यक्षहरु वा विश्वविद्यालयहरुका काउन्सिल, र केहि वैद्यानिक निकायका पदाधिकारीहरु, विशेष परामर्श समितिहरुका पदाधिकारीहरु र विशिष्ट उपक्षेत्रमा प्रासंगिक संगठनहरुका पदाधिकारीहरु पदेन सदस्य हुनेछन् । धार्मिक उपक्षेत्रका सबै सदस्यहरु र मेनल्याण्ड उपक्षेत्रका हङकङबासी संस्थाहरुका प्रतिनिधिहरु, प्राविधिक तथा नवप्रर्वतन, लेखा उपक्षेत्र, कानूनी उपक्षेत्र, खेलकुद, कला प्रदर्शन, संस्कृति तथा प्रकाशन उपक्षेत्र,
चिनियाँ चिकित्साका केहि सदस्यहरुलाई निर्दिष्ट उपक्षेत्रहरुका तोकिएका निकायहरुले मनोनीत गर्न सक्दछन् । EC का बाँकी सदस्यहरुलाई उपक्षेत्रका दर्ता संगठन वा एकल मतदाताहरुद्वारा निर्वाचित गरिनेछ ।

EC को नयाँ पद्यावधिको लागि, उपक्षेत्रको आम निर्वाचनहरुका लागि अधिकतम 982 सिटहरु, मनोनयनद्वारा निर्दिष्ट उपक्षेत्रहरुमा तोकिएका निकायहरुका लागि 156 सिटहरु, जबकि न्यूनतम 362 सिटहरु पदेन सदस्यहरुका लागि हुनेछन् ।

नवगठित EC ले CE को नयाँ कार्यकाल(5-वर्ष)नियक्ति गर्नेछ । यदि CE को पद्यावधिको समयमा पद खाली भएमा, कार्यरत EC मा नयाँ CE नियुक्त गर्ने जिम्मेवार हुनेछ । यदि CE को कार्यालयमा पद रिक्त भएको 6 महिना भित्र CE को नयाँ कार्यकाल(5-वर्ष) को लागि निर्वाचन हुन्छ भने उप-निर्वाचन गर्न आवश्यक छैन। CE चयन गर्ने उप-निर्वाचन गर्नु अघि, EC सदस्यहरु बीच कुनै रिक्तपदहरु भएमा EC को सदस्यता अद्यावधिक गर्न उपक्षेत्रको उप-निर्वाचन र/वा पूरक मनोनयनको आयोजना गरिनेछ । यद्यपि, उप-निर्वाचनद्वारा CE नियुक्त गर्नु अघि EC को सदस्यता एक वर्ष भित्र अद्यावधिक हुन्छ भने उपक्षेत्रको उप-निर्वाचन र/वा पूरक नामित मनोनयन हुने छैन । यदि LegCo को वर्तमान कार्यकाल समाप्त हुने मिति EC को निर्वाचन मिति वा EC उपक्षेत्र उप-निर्वाचनको सामयिक दर्ताको प्रकाशन मिति भन्दा 12 महिना बढी छ भने, EC को पदपूर्ति गर्न LegCo को आम निर्वाचन हुन अघि EC उपक्षेत्रको उप-निर्वाचन गर्नुपर्ने हुन्छ ।

**संक्षिप्त निर्वाचन समिति**

- कार्यहरु: प्रमुख कार्यकारी (“CE”) को निर्वाचनमा उम्मेदवारहरु मनोनीत गर्न र CE चयन गर्न; विधान परिषद( “LegCo”) को निर्वाचनमा उम्मेदवारहरु मनोनीत गर्न र 40 LegCo सदस्यहरु चयन गर्न
- निर्वाचन समिति(“EC”) को कार्यकाल: हरेक EC को कार्यकाल 5 वर्षसम्म हुनेछ। 2021मा EC को नयाँ पद्यावधि, पाँच वर्षको लागि हुनेछ र 22 अक्टोबर 2021 मा शुरुवात भई 21 अक्टोबर 2026 मा समाप्त हुनेछ।
- निम्नलिखित पाँच क्षेत्रहरुबाट EC मा 1500 सदस्यहरु समावेश हुनेछन् -
    - (i) औद्योगिक, व्यावसायिक र वित्तीय क्षेत्रहरु

(ii) पेशाहरु

(iii) ग्रासरुट (अधारभूत),श्रम, धार्मिक र अन्य क्षेत्रहरु

(iv) विधान परिषदका सदस्यहरु, जिल्ला संगठन र अन्य संस्थाहरुका प्रतिनिधिहरु

(v) नेशनल पिपल्स् कंग्रेस ("NPC")को हङकङ विशेष प्रशासनिक क्षेत्र("HKSAR") प्रतिनिधिहरु, चाईनिज पिपल्स् पोलिटिकल कन्सल्टेटिभ कन्फरेन्स("CPPCC") नेशनल कमिटिका HKSAR सदस्यहरु र प्रासंगिक राष्ट्रिय संगठनका हङकङबासी प्रतिनिधिहरु ।

<u>**संरचना, निर्वाचन सदस्यहरु र उपक्षेत्रहरुका मतदाता चयन प्रणालीहरु**</u>

| उपक्षेत्र | | सिटहरु | पदेन सदस्य संख्या | मनोनीत हुने उम्मेदवार संख्या | निर्वाचित हुने उम्मेदवार संख्या |
|---|---|---|---|---|---|
| **पहिलो क्षेत्र: औद्योगिक, व्यावसायिक र वित्तीय क्षेत्रहरु (300 सदस्यहरु)** | | | | | |
| 1. | क्याटरिङ्ग | 16 | 0 | 0 | 16 |
| 2. | व्यावसायिक (प्रथम) | 17 | 0 | 0 | 17 |
| 3. | व्यावसायिक (दोस्रो) | 17 | 0 | 0 | 17 |
| 4. | व्यावसायिक (तेस्रो) | 17 | 0 | 0 | 17 |
| 5. | एम्प्लोयरस् फेडरेशन अफ हङकङ | 15 | 0 | 0 | 15 |
| 6. | आर्थिक | 17 | 0 | 0 | 17 |
| 7. | वित्तीय सेवाहरू | 17 | 0 | 0 | 17 |
| 8. | होटल | 16 | 0 | 0 | 16 |
| 9. | आयात तथा निर्यात | 17 | 0 | 0 | 17 |
| 10. | औद्योगिक (प्रथम) | 17 | 0 | 0 | 17 |
| 11. | औद्योगिक (दोस्रो) | 17 | 0 | 0 | 17 |
| 12. | बीमा | 17 | 0 | 0 | 17 |
| 13. | घर जग्गा तथा निर्माण | 17 | 0 | 0 | 17 |
| 14. | साना तथा मध्यम उद्यमहरु | 15 | 0 | 0 | 15 |
| 15. | टेक्सटाइल तथा गार्मेन्ट(कपडा) | 17 | 0 | 0 | 17 |
| 16. | पर्यटन | 17 | 0 | 0 | 17 |
| 17. | यातायात | 17 | 0 | 0 | 17 |
| 18. | थोक तथा खुद्रा | 17 | 0 | 0 | 17 |

| | | | | | |
|---|---|---|---|---|---|
| **दोस्रो क्षेत्र: पेशाहरु (300 सदस्यहरु)** | | | | | |
| 1. | लेखा | 30 | 0 | 15 | 15 |
| 2. | आर्किटेक्चरल(वास्तुकला), सर्वेक्षण, योजना र भौगोलिक बनावट | 30 | 15 | 0 | 15 |
| 3. | चिनियाँ चिकित्सा | 30 | 0 | 15 | 15 |
| 4. | शिक्षा | 30 | 16 | 0 | 14 |
| 5. | ईन्जिनियरिङ | 30 | 15 | 0 | 15 |
| 6. | कानूनी | 30 | 6 | 9 | 15 |
| 7. | चिकित्सा र स्वास्थ्य सेवाहरु | 30 | 15 | 0 | 15 |
| 8. | सामाजिक कल्याण | 30 | 15 | 0 | 15 |
| 9. | खेलकुद, कला प्रर्दशन, संस्कृति तथा प्रकाशन | 30 | 0 | 15 | 15 |
| 10. | प्रविधि तथा नवप्रर्वतन | 30 | 0 | 15 | 15 |
| **तेस्रो क्षेत्र: ग्रासरुट (अधारभूत), श्रम, धार्मिक र अन्य क्षेत्रहरु (300 सदस्यहरु)** | | | | | |
| 1. | कृषि तथा मत्स्यपालन | 60 | 0 | 0 | 60 |
| 2. | चिनियाँ सँगी शहरवासी संघ | 60 | 0 | 0 | 60 |
| 3. | ग्रासरुट(अधारभूत)संस्थाहरु | 60 | 0 | 0 | 60 |
| 4. | श्रम | 60 | 0 | 0 | 60 |
| 5. | धार्मिक | 60 | 0 | 60 | 0 |
| **चौथो क्षेत्र: विधान परिषदका सदस्यहरु ,जिल्ला संगठनहरु र अन्य संस्थाहरुका प्रतिनिधिहरु (300 सदस्यहरु)** | | | | | |
| 1. | विधान परिषदका सदस्यहरु | 90 | 90 | 0 | 0 |
| 2. | हेंग यी युक् | 27 | 0 | 0 | 27 |
| 3. | मेनल्याण्डका हङकङबासी संगठनहरुका प्रतिनिधिहरु | 27 | 0 | 27 | 0 |
| 4. | हङकङ र काउलुनका क्षेत्रिय समितिहरु, जिल्ला अपराध नियन्त्रण समितिहरु र जिल्ला अग्नि सुरक्षा समितिहरुका प्रितिनिधि सदस्यहरु | 76 | 0 | 0 | 76 |

| | | | | | |
|---|---|---|---|---|---|
| 5. | न्यू टेरिटोरिजका क्षेत्रिय समितिहरु, जिल्ला अपराध नियन्त्रण समितिहरु र जिल्ला अग्नि सुरक्षा समितिहरुका प्रतिनिधि सदस्यहरु | 80 | 0 | 0 | 80 |
| **पाँचौ क्षेत्र: NPC को HKSAR प्रतिनिधिहरु र CPPCC नेशनल कमिटिका HKSAR सदस्यहरु र हङकङका प्रासंगिक राष्ट्रिय संगठहरुका प्रतिनिधि सदस्यहरु (300 सदस्यहरु)** | | | | | |
| 1. | NPC को HKSAR प्रतिनिधिहरु, र CPPCC नेशनल कमिटिका HKSAR सदस्यहरु | 190 | 190 | 0 | 0 |
| 2. | हङकङका प्रासंगिक राष्ट्रिय संगठहरुका प्रतिनिधि सदस्यहरु | 110 | 0 | 0 | 110 |
| | **जम्मा:** | **1 500** | | | |

टिप्पणीहरु:

1. NPC को HKSAR प्रतिनिधि वा CPPCC नेशनल कमिटिका एक HKSAR सदस्यले पाँचौ क्षेत्रमा समावेश भएको उपक्षेत्र भन्दा बाहेकबाट EC सदस्यको रुपमा दर्ता हुन छनौट गर्नसक्छन् जस बारे उ/उनीसँग पर्याप्त जानकारी छ। यो अवस्थाहरुमा, पदेन सदस्यहरुको संख्या बढ्नेछ र उपक्षेत्रको निर्वाचनद्वारा निर्वाचित हुने सिटहरु तदनुसार कम हुनेछन् । EC को कार्यकाल अवधिमा, पदेन सदस्यहरुको संख्या,र नामांकन वा निर्वाचनद्वारा निर्वाचित हुने पदाधिकारीहरुको संख्या परिवर्तन हुनेछैन ।
2. दर्ता कर्पोरेट वा एकल मतदाताहरुले EC उपक्षेत्रहरु चयन गर्नेछन् । चुनावी कानूनमा तोकिए बमोजिम, एक संघसंस्था वा उद्यम मात्र एक उपक्षेत्रको कर्पोरेट मतदाता बन्न सक्दछन् यदि सो उपक्षेत्रले प्रासंगिक योग्तया प्राप्त गरे पछि तीन वर्ष भन्दा बढी समयसम्म संचालनमा छ भने ।

<u>निर्वाचन सदस्यहरु बन्ने प्रणालीहरु</u>

| | प्रणालीहरु | सिटहरु |
|---|---|---|
| (1) | पदेन सदस्यहरुका लागि निर्वाचन आवश्यक छैन<br><br>(साथै LegCoसदस्यहरु, NPC को HKSAR प्रतिनिधि र CPPCC नेशनल कमिटिका HKSAR सदस्यहरु, NPC स्थायी समिति अन्तर्गत HKSAR को बेसिक ल समितिका हङकङ सदस्यहरु, विश्वविद्यालयहरुका उपकुलपति वा सभापतिहरु वा राज्यपाल समितिका अध्यक्षहरु वा विश्वविद्यालयका काउन्सिल, र केहि वैद्यानिक निकायका पदाधिकारीहरु, विशेष परार्मश समितिहरुका पदाधिकारीहरु र विशिष्ट उपक्षेत्रका प्रासंगिक संगठनहरुका पदाधिकारीहरु पर्दछन्) | 362 |
| (2) | विशिष्ट उपक्षेत्रहरुका योग्य निकायहरुद्वारा नामांकन<br><br>(साथै धार्मिक उपक्षेत्र र मेनल्याण्ड उपक्षेत्रका हङकङबासी संघसंस्थाहरुका प्रतिनिधि सदस्यहरु, प्राविधिक तथा नवप्रर्वतनका केहि सदस्यहरु, लेखापाल उपक्षेत्र, कानूनी उपक्षेत्र, खेलकुद, कला प्रदर्शन, संस्कृति तथा प्रकाशन उपक्षेत्र, चिनियाँ चिकित्साका सबै सदस्यहरु पर्दछन्। कृपया मनोनयन संगठनहरु र मनोनीत सदस्य संख्या बारे बेसिक ल | 156 |

| | | |
|---|---|---|
| | को एनेक्स I मा हेर्नुहोस्।) | |
| (3) | उपक्षेत्रहरुका योग्य कर्पोरेट वा एकल मतदाताहरुद्वारा निर्वाचन<br><br>(एकल मतदाताहरु चार उपक्षेत्रहरुमा मात्र पर्दछन्, जस्तै:<br>(i) हेंग यी युक्;<br>(ii) हङकङ र काउलुनका क्षेत्रिय समितिहरु, जिल्ला अपराध नियन्त्रण समितिहरु र जिल्ला अग्नि सुरक्षा समितिहरुका प्रितिनिधि सदस्यहरु;<br>(iii) न्यू टेरिटोरीका क्षेत्रिय समितिहरु, जिल्ला अपराध नियन्त्रण समितिहरु र जिल्ला अग्नि सुरक्षा समितिहरुका प्रितिनिधि सदस्यहरु; र<br>(iv) हङकङका प्रासंगिक राष्ट्रिय संगठहरुका प्रतिनिधि सदस्यहरु<br><br>अन्य उपक्षेत्रहरु कर्पोरेट मतदाताहरुद्वारा निर्वाचित गरिन्छ ।) | 982^ |
| | जम्मा | **1 500** |

*^ NPC स्थायी समितिले संशोधन गरेको बेसिक ल को एनेक्स I अनुसार, NPC को HKSAR प्रतिनिधि वा CPPCC नेशनल कमिटिका HKSAR सदस्यले अर्को उपक्षेत्र जस बारे उसँग पर्याप्त जानकारी छ त्यहाँ दर्ता गर्न छनौट गर्न सक्छन् । यस्तो परिस्थितिमा, पछिल्लो उपक्षेत्रको निर्वाचित सिटहरु तदनुसार कम हुनेछन् ।*

**<u>पदेन सदस्यहरुको दर्ता</u>**

- सबै पदेन सदस्यहरुले दर्ता फारम निर्वाचन दर्ता अधिकारी ("ERO") लाई पेश गर्नु पर्दछ र उनीहरुको दर्ता मान्यता बारे उम्मेदवार योग्यता समीक्षा समिति("CERC")ले निर्धारण गर्नेछ । सामान्यता, प्रत्येक उपक्षेत्र (जुन-निर्दिष्ट व्यक्तिहरु) का निर्दिष्ट कार्यलयहरुका धारकहरुले सो उपक्षेत्रको पदेन सदस्यको रुपमा दर्ता हुन सक्दछन् । यद्यपि, निम्न परिस्थितिहरुमा, निर्दिष्ट व्यक्तिहरुले अर्को व्यक्ति(जुन-तोकिएका व्यक्ति) जो प्रासंगिक निकायका कार्यालयमा कार्यरत छन् उसलाई सो उपक्षेत्रका पदेन सदस्यका रुपमा दर्ता हुन मनोनीत गर्न सक्छन्:

(i) निर्दिष्ट व्यक्ति पदेन सदस्यको रुपमा दर्ता हुन अयोग्य छन्, साथै:

- o विधान परिषद अध्यादेश (क्याप. 542)को वर्तमान भौगोलिक निर्वाचन क्षेत्र ("GCs") अन्तिम दर्तासूची ("FR") मा उनी मतदाताको रुपमा दर्ता भएको छैन(वा उसले दर्ताका लागि आवेदन दिएको छैन भने) वा GC मा मतदाताको रुपमा दर्ता हुन अयोग्य छ; वा
- o बेसिक ल को धारा 48(5) अन्तर्गत उनी नामांकनको लागि नियुक्त हुने एक प्रमुख अधिकारी हुन्; सरकारी निर्देशनाल्य अधिकारी, प्रशासनिक अधिकारी, सरकारी सूचना अधिकारी, प्रहरी वा अन्य निजामती कर्मचारी जसले उ/उनको कार्य क्षमता अनुसार निर्दिष्ट कार्यलयमा कार्यरत छन्; वा

(ii) एक भन्दा धेरै निर्दिष्ट कार्यलयमा कार्यरत निर्दिष्ट एक व्यक्ति, कानूनका पहिले नै निर्दिष्ट गरिसकेको वैकल्पिक व्यवस्थित उपक्षेत्र वा लागु नहुने

उपक्षेत्रहरु बाहेक ।

- निर्वाचन वा नामांकनद्वारा एक पदेन सदस्य वा निर्दिष्ट कार्यालयका धारक EC सदस्य नबन्न पनि सक्छन् । यदि उ/उनी सम्बन्धित निर्दिष्ट कार्यलयमा कार्यरत छैन् भने एक निर्दिष्ट व्यक्तिले EC बाट राजीनामा दिएको मानिन्छ । केवल एक व्यक्तिले एउटा उपक्षेत्रको मात्र पदेन सदस्य बन्न दर्ता गर्न सक्छन् ।

**<u>मनोनीतद्वारा निर्वाचन EC सदस्यहरु चयन गर्ने प्रक्रिया</u>**

- प्रत्येक सम्बन्धित नियुक्ति प्राप्त निकायले आफ्नो निकायद्वारा चयनित व्यक्तिहरुलाई EC को प्रतिनिधिहरु बन्नको लागि मनोनीत गर्नु पर्दछ । मनोनीत भएका व्यक्तिहरुले निम्न आवश्यकताहरु पूरा गर्नुपर्दछ:
  - (i) विधान परिषद अध्यादेश (क्याप. 542) अन्तर्गत GC को मतदाता हुन दुवै दर्ता हुनु पर्दछ साथै योग्य हुनु पर्दछ र सो व्यक्ति दर्ता हुनुबाट अयोगय नभएको हुनु पर्दछ र;
  - (ii) प्रासंगिक उप-क्षेत्रसँग पर्याप्त जानकारी भएको हुनुपर्दछ ।
- यदि नियुक्त प्राप्त निकायलाई तोकिएको संख्या भन्दा मनोनीतहरुको संख्या बढी छ भने सो निकायले तोकिएको संख्या बनाउने वा रिक्त स्थान भर्नेमा कुन चाहिँ मनोनित व्यक्तिलाई प्राथमिकता दिइनेछ भनेर तोक्नु पर्दछ; र बढी भएका मनोनीतहरुलाई तदनुसार, यदि प्राथमिकताका अनुसार,एक भन्दा बढि भएमा नामावली तयार गर्नुहोस् । यदि नियुक्ति गरिएको निकायले कुन उम्मेदवार हरुलाई प्राथमिकता दिइनेछ भनेर संकेत गर्दैन भने, रिटर्निंग अफिसर (निर्वाचन अधिकारी) ("RO") ले चिट्ठाको आधारमा ती उम्मेदवार हरुको प्राथमिकताको क्रम निर्धारण गर्नुपर्ने हुन्छ ।
- उम्मेदवारहरु नामनिर्देशन फारममा दर्शाईएको प्राथमिकताको क्रम अनुसार मान्य रुपमा नाम तोकिएको हो वा होइन वा नियुक्त प्राप्त निकायलाई तोकिएका सिटहरुको संख्या पूरा नभएसम्म ROद्वारा निर्धारित गरिए अनुसार चिट्ठाको आधारमा नामनिर्देशन गरिएको छ वा छैन भनेर CERC ले निर्धारण गर्नेछ ।
- CERC ले नियमहरु बमोजिम वैधानिक रुपमा EC को सदस्यको रुपमा मनोनयन भएका उम्मेदवारहरुको घोषणा गर्नु पर्नेछ ।

**<u>मनोनयनका लागि व्यवस्थापन</u>**

- सम्बन्धित उपक्षेत्रमा प्रत्येक उम्मेदवारलाई पाँच कर्पोरेट वा एकल मतदाताहरुद्वारा मनोनीत हुनेछन् ।
- प्रत्येक कर्पोरेट वा एकल मतदाताले सम्बन्धित उप-क्षेत्रहरुमा निर्वाचित हुने सीट संख्या भन्दा बढी संख्या नहुने गरि मात्र उम्मेदवारहरुलाई मनोनयन गर्न सक्दछन् ।
- मनोनीत गर्ने अवधि: 6 देखि 12 अगस्ट 2021 सम्म
- मनोनीत गर्नका लागि फारमहरु दर्ता तथा निर्वाचन कार्यालय ("REO") को वेबसाइट (www.reo.gov.hk), बाट डाउनलोड गर्न सकिन्छ, वा निम्न कार्यालयहरुमा नि:शुल्क संकलन गर्न सकिन्छ:
  - o जिल्ला कार्यालयहरु;

- o निर्वाचन अधिकारीहरुका कार्यालय; वा
- o REO का कार्यालयहरु (10/F, Harbour Centre, 25 Harbour Road, Wan Chai, Hong Kong वा Unit 2301-03, 23/F, Millennium City 6, 392 Kwun Tong Road, Kwun Tong, Kowloon)

**<u>उम्मेदवारको रुपमा मनोनीत हुने योग्यता</u>**

- 18 वर्ष उमेर पुगेको छ;
- GC का लागि दर्ता गरिएको छ; र
- त्यो उप-क्षेत्रका लागि मतदाताको रुपमा दर्ता गरिएको छ (केवल ह्योङ यी कुक, हङकङ, काउलुन वा न्यू टेरिटोरिजका क्षेत्रिय समितिहरु, जिल्ला अपराध नियन्त्रण समितिहरु र जिल्ला अग्नि सुरक्षा समितिहरुका प्रितिनिधि सदस्यहरु, र प्रासंगिक राष्ट्रिय संगठन उप-क्षेत्रहरु जहाँ एकल मतदाताहरु छन् त्यहाँका हङकङका प्रतिनिधि सदस्यहरुमा लागू हुन्छ) वा त्यो उप-क्षेत्रसँग पर्याप्त जानकारी छ ।

**<u>मतदान व्यवस्था</u>**

- मतदानको दिन: 19 सेप्टेम्बर 2021 (आईतबार)
- मतदानको समय: बिहानको 7:30 बजे देखि रातिको 10:30 बजे सम्म(दण्डयुक्त (पेनल) संस्थाहरुमा अवस्थित समर्पित मतदान केन्द्रहरु बाहेक जहाँ मतदानको समय बिहान 9:00 बजे देखि दिउँसोको 4:00 बजे सम्म हुनेछ)
- प्रत्येक उप-क्षेत्रको EC सदस्यहरु गोप्य मतपत्रबाट निर्वाचित हुनेछन् ।

**<u>कहाँ मतदान गर्ने</u>**

- प्रत्येक मतदाता वा आधिकारिक प्रतिनिधिलाई उनीहरुको मत(हरु) दिनका लागि साधारण मतदान केन्द्र तोकिनेछ ।
- मतदाता वा आधिकारिक प्रतिनिधिको नियुक्ति गरिएको मतदान केन्द्रबारे जानकारी दिने पोल कार्ड उसलाई/उनलाई मतदानको दिन भन्दा कम्तिमा 5 दिन अगाडि जारी गरिनेछ ।
- ह्विलचेयर प्रयोगकर्ताहरु वा हिडडुलमा कठिनाई भएकाहरुका लागि सबै साधारण मतदान केन्द्रहरु पहुँचयोग्य छन् ।
- हिरासतमा रहेका मतदाता वा आधिकारिक प्रतिनिधिलाई उचित रुपमा दण्डयुक्त संस्था वा प्रहरी कार्यलयमा निर्धारित मतदान केन्द्रमा मतदान गर्ने व्यवस्था गरिनेछ ।
- यदि मतदाताहरुलाई मतदान सम्बन्धी जानकारीको लागि दोभाषे सेवाको सहयोगको आवश्यकता भएमा, तिनीहरुले सेप्टेम्बर 6 देखि 10 सेप्टेम्बर 2021 सम्म, र 13 देखि 19 सेप्टेम्बर 2021 सम्म निम्न हटलाइन मार्फत अल्पसंख्यक जातीयहरुको लागि केन्द्र ("CHEER") लाई सम्पर्क गर्न सक्दछन् ।

| भाषा | हटलाइन नम्बर |
|---|---|
| बहासा ईन्डोनेशिया | 3755 6811 |
| हिन्दी | 3755 6877 |
| नेपाली | 3755 6822 |
| पन्जाबी | 3755 6844 |
| तागालोग | 3755 6855 |
| थाई | 3755 6866 |
| उर्दू | 3755 6833 |
| भियतनामी | 3755 6888 |

**मत कसरी दिने**

- तपाईको हङकङ परिचय कार्ड ("HKID कार्ड") वा अन्य निर्दिष्ट वैकल्पिक कागजात(हरु) (कृपया विवरणहरुको लागि तलको भागमा "मतपत्र(हरु) संकलनका लागि आवश्यक कागजात(हरु)" मा हेर्नुहोस्) तपाईको निर्दिष्ट मतदान केन्द्रमा 19 सेप्टेम्बर 2021(आईतबार) मतदान गर्ने समय अवधिमा (बिहान 7:30 देखि रातिको 10:30 बजे सम्म), सँगै लिएर आउनुहोस्, र मतदान केन्द्र भित्रका मतदान कर्मचारीलाई बुझाउनुहोस् । तपाई मतदाता हुनुहुन्छ कि हुनुहुन्न वा सम्बन्धित उपक्षेत्रका आधिकारिक प्रतिनिधि हुनुहुन्छ कि हुनुहुन्न भनेर जाँच गर्न, र तपाईसँग भएको मतपत्रको नम्बर र प्रकार(हरु) कानूनी अधिकार प्राप्त हो होईन भनेर जाँच गर्न मतदान केन्द्रका कर्मचारीले तपाईको HKID कार्ड स्क्यान गर्न इलेक्ट्रोनिक पोल रजिस्टर ("EPR") प्रणालीको ट्याब्लेट प्रयोग गर्दछ । प्रमाणीकरण पछि, मतदान कर्मचारीले तपाईलाई मतपत्र(हरु) दिनेछ र EPR प्रणालीले तपाईलाई जारी गरेको मतपत्रको विवरण रेकर्ड गर्दछ ।
- मतपत्र(हरु) संकलन पछि मतदाता वा आधिकारिक प्रतिनिधिले मतदान कर्मचारीले दिएका निर्देशनहरुको र मतपत्र(हरु) मा छापेका र विभिन्न कक्ष भित्रका सूचनाहरुमा उल्लेख गरिएको निर्देशनहरुको पालना गर्नुपर्दछ । मतदाता वा आधिकारिक प्रतिनिधिले मतदान कक्ष भित्र मतपत्र(हरु)मा चिन्ह लगाउनु पर्छ । सारमा, कृपया:
    - o तपाईले छनौट गर्नु भएको उम्मेदवारहरुको नामहरुको विपरीत अण्डाकारमा प्रदान गरिएको कलमद्वारा शेड(दाग) गर्नुहोस्;
    - o सम्बन्धित उपक्षेत्रहरुको निर्धारित संख्या भन्दा बढि मत नदिनुहोस्(त्यो नम्बर मतपत्रमा देखाइनेछ); र
    - o चिन्ह लगाएको मतपत्रलाई मतदान केन्द्रमा दिइएको खाममा राख्नुहोस्, र मतपत्र सहितको खाम निर्देशित खाममा भएको तीर अनुसार मतदान बाकस भित्र राख्नु पर्छ ।
- प्रत्येक मतदाता वा आधिकारिक प्रतिनिधिलाई छुट्टै मतकक्ष प्रदान गरिनेछ । मतदानको स्वायत्तता र मतको गोप्यनियता सिद्धान्तको आधारमा, मतदातालाई आफ्नो मत दिन सहयोग पुर्याउने वा सहयोग गर्ने कसैलाई पनि (यदि उ/उनी मतदाताका आफन्त वा साथी भएतापनि) कानून बमोजिम प्रतिबन्धित गर्दछ

।

- मतदाताहरु वा आधिकारिक प्रतिनिधिहरु जो आफैंले आफ्नो मत दिन असमर्थ छन्, कानून बमोजिम, अध्यक्ष (प्रिसाईडिङ अफिसर) ("PRO") वा PRO को सहायकबाट उनीहरुको प्रतिनिधित्व गरेर उनीहरुको मतको छनौटको आधारमा मतपत्रहरुमा चिन्ह लगाई मत गर्नका लागि सहयोग लिन सक्छन्। मतदान प्रक्रिया निष्पक्ष ढंगले सम्पन्न हुनेछ भनेर सुनिश्चित गर्न सम्पूर्ण मतदान प्रक्रियाको बेलामा अर्को मतदानकर्मी साक्षी बस्नेछन् ।
- यदि मतदाता वा आधिकारिक प्रतिनिधिले मतपत्रमा चिन्ह लगाउँदा त्रुटि गर्यो वा अन्जानमै मतपत्र बिगार्‍यो भने, उसले/उनले मतपत्र PRO लाई फर्काउन सक्छ र मतपत्र साट्नको लागि सोध्न सक्छ ।

**<u>मतपत्र (हरु) संकलन गर्न आवश्यक कागजात(हरु)</u>**

- प्रचलित ऐन कानून अनुसार, मतदाता वा आधिकारिक प्रतिनिधिले मतपत्र(हरु)को लागि आवेदन गरेको छ भने उसको/उनको HKID कार्डको सक्कल वा निम्न निर्दिष्ट वैकल्पिक कागजात(हरु)प्रस्तुत गर्नु पर्नेहुन्छ:
    - एक मान्य HKSAR राहदानीको सक्कल; वा
    - छुट प्रप्त भएको प्रमाणपत्रको सक्कल; वा
    - HKID कार्डको लागि आवेदन स्वीकृति प्रदान गरिएको अनुमति पत्रको सक्कल; वा
    - व्यक्तिको मान्य सीमेनको परिचय पुस्तकको सक्कल; वा
    - भिसा प्रदान गर्ने उद्देश्यहरुका लागि व्यक्तिको परिचय प्रमाणित गर्ने मान्य कागजातको सक्कल; वा
    - एक व्यक्तिको HKID कार्ड वा छुट प्राप्त भएको प्रमाणपत्र वा HKID कार्डको लागि आवेदन स्वीकृति प्रदान गरिएको अनुमति पत्र हराएको वा बिग्रेको प्रमाणित गर्न पुलिस अधिकारीलाई रिपोर्ट गरेको कागजात (सामान्यतयामा "हराएको सम्पत्तीको एक विवरणको पूर्जी"),साथै मान्य राहदानीको सक्कल* वा त्यस्तै यात्रा गर्न मिल्ने कागजातमा (जस्तै HKSAR राहदानी बाहेक अर्को राहदानी वा होम रिटर्न पर्मिट) उसको/उनको नाम र फोटो भएको कागजात ।

      *ब्रिटिश नेशनल (ओभरसीज) राहदानी एक मान्य ट्राभल डकुमेण्ट र पहिचानको लागि प्रमाणपत्र होईन ।
- विवरणका लागि, कृपया निर्वाचन मामिला आयोग (निर्वाचन प्रक्रिया)(निर्वाचन समिति)नियमावली (क्याप.541I)को धारा 50 मा हेर्नुहोस् ।

**<u>आवश्यकतामा परेका मतदाताहरुका लागि विशेष लाइन</u>**

- केवल मतदाताहरु र आधिकारिक प्रतिनिधिहरुलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति छ ।
- "निष्पक्ष र समान व्यवहार" को सिद्धान्त अन्तर्गत, मतदाता र आधिकारिक प्रतिनिधिहरुले मतदान गर्न लाइनमा पर्खिनुपर्छ । मतदाताहरु र आधिकारिक प्रतिनिधिहरुले मतदान केन्द्रमा प्रवेशका लागि अरुबाट मद्दत चाहिन्छ भने PRO लाई अनुरोध गर्न सक्दछन् ।

- यदि PRO लाई मतदान केन्द्रमा मत दिन आउने व्यक्ति वा भित्र उपस्थित हुने व्यक्ति तल वर्णन गरे अनुसारमा पर्दछ भनि सन्तुष्ट हुन्छ भने, मतपत्रको लागि आवेदन दिन PRO ले सो व्यक्तिलाई तुरुन्तै तोकिएको क्षेत्र वा यदि लाइन त्यो क्षेत्रबाट सुरु हुन्छ भने लाइनको अन्त्यमा अगाडि बढ्न निर्देशन दिन सक्छ –
  - 70 वर्ष भन्दा माथिको उमेर भएको *;
  - जो गर्भवती छ; वा
  - जो लामो समय प्रतीक्षा गर्न सक्षम छैन वा रोग, चोट, अशक्तता वा गतिशीलता उपकरणहरुमा निर्भरताको कारण लाइनमा पर्खन कठिनाई हुन्छ ।

  *निम्न व्यक्ति सहित –
  - जसको कागजातले जन्म दिन र महिना बिना सो व्यक्तिको जन्म वर्ष मात्रै देखाउँछ, जुन मतदान हुने साल भन्दा 70 वर्ष अगाडिको भएमा; वा
  - जसको कागजातले जन्म दिन बिना, व्यक्तिको जन्म वर्ष मतदान हुने साल भन्दा 70 वर्ष अगाडिको भएको देखाउँछ र सो व्यक्तिको जन्म महिना मतदानको दिन पर्ने महिनासँग एउटै परेको भएमा ।
- PRO ले माथिको मतदाताहरु वा आधिकारिक प्रतिनिधिहरुलाई विश्राम लिनको लागि, मतदान केन्द्र भित्र बस्ने ठाउँ पनि तोक्नेछ, यदि तिनीहरुले इच्छा गरे भने । आराम गरिसकेपछि, तिनीहरुले मतपत्र जारी गर्ने टेबुलमा जानका लागि निर्देशित हुनु अघि विशेष लाइनमा प्रतीक्षा गर्न सक्दछन् ।
- मतदानको स्वायत्तता र मतको गोप्यनियता सिद्धान्तको आधारमा, मतदातालाई आफ्नो मत दिन सहयोग पुर्याउने वा सहयोग गर्ने कसैलाई पनि (यदि ऊ/उनी मतदाताका आफन्त वा साथी भएतापनि) कानून बमोजिम प्रतिबन्ध छ । मतदाता वा आधिकारिक प्रतिनिधि जसलाई आफैले मतपत्रमा चिन्ह लगाउन कठिनाई हुन्छ, कानून बमोजिम, उनीहरुले PRO वा PRO को सहायकलाई उसको/उनको मतदान प्राथमिकता अनुसार, एक मतदान अधिकारीलाई साक्षीको रुपमा उपस्थित गराई मतपत्रमा चिन्ह लगाउन सक्छ । उपयुक्त भएको खण्डमा, PRO ले विवेक प्रयोग गरी अन्य व्यक्तिले साथको आवश्यकता पर्ने मतदातालाई सो मतदाताहरुसँगै विशेष लाइन प्रयोग गर्न दिन अनुमति दिइएको छ ।

**<u>मतदाता /आधिकारिक प्रतिनिधिहरुको लागि जाँच गर्नका लागि सूची</u>**

- भ्रष्टाचार विरुद्धको स्वतन्त्र आयोग ("ICAC") द्वारा लागू निर्वाचन (भ्रष्टाचार र अवैध आचरण)अध्यादेश (क्याप. 554) बमोजिम, मतदाता वा आधिकारिक प्रतिनिधिले हङकङ वा अन्यत्र निम्न कार्यहरु गर्नु हुँदैन:
  - कुनै पनि फाईदा (पैसा, उपहार, आदि सहित), खाना, पेय वा मनोरञ्जनका लागि कुनै पनि व्यक्तिबाट चुनावमा मतदान नदिन, वा कुनै विशेष उम्मेदवार वा विशेष उम्मेदवारहरुलाई मत दिन वा नदिन माग गर्न वा स्वीकार गर्नु हुँदैन ।
  - कुनै पनि फाईदा (पैसा, उपहार, आदि सहित), खाना, पेय वा मनोरञ्जन कुनै पनि व्यक्तिलाई प्रेरणाको रुपमा प्रदान गर्दछ वा पछिल्लोलाई कुनै चुनावमा मतदान नगर्न, वा मतदान गर्न वा कुनै विशेष उम्मेदवारलाई वा विशेष उम्मेदवारहरुलाई मत नदिने प्रस्ताव गर्दछ ।
  - कुनै पनि व्यक्तिलाई पछिल्लो व्यक्तिलाई चुनावमा मतदान गर्न वा नदिन, वा मतदान गर्न वा कुनै विशेष उम्मेदवार वा विशेष उम्मेदवारलाई मत

नदिनेको लागि उक्साउनेको लागि कुनै पनि व्यक्ति विरुद्ध बल वा कवच प्रयोग गर्न वा धम्की दिन ।

- o कुनै व्यक्तिलाई मत हाल्ने वा कुनै खास उम्मेदवार वा विशेष उम्मेदवारलाई मत नदिने, वा चुनावमा मत नदिने प्रलोभनमा उक्साउँछ ।
- o चुनावमा अर्को व्यक्तिलाई मतदान गर्न जान बाधा गर्छ र रोक्छ ।
- o अर्को व्यक्तिलाई मत नदिन वा निर्वाचन अवधिको समयमा सार्वजनिक रुपमा कुनै गतिविधिद्वारा चुनावमा अवैध मत दिनको लागि उत्साहित गरेमा ।
- o मत हाल्न योग्य हुनुहुन्न भन्ने थाहा हुँदाहुँदै पनि चुनावमा मत हालेमा ।
- o कुनै निर्वाचन अधिकारीलाई जानाजानी वा बेपर्वाह गलत वा भ्रमपूर्ण जानकारी (उदाहरणका लागि झूटो प्रमुख आवासीय ठेगाना)दिएर पछि चुनावमा मतदान गर्छ ।

- निम्न कार्यहरु पनि मतदान केन्द्रहरुमा प्रतिबन्धित छन्:
  - o अन्य मतदाताहरु र आधिकारिक प्रतिनिधिहरुसँग कुराकानी सहित अरुलाई तपाईको मतपत्रको मत देखाउने वा मोबाइल टेलिफोन वा इलेक्ट्रोनिक संचारको लागि कुनै अन्य उपकरण प्रयोग गर्न ।
  - o फिल्मिङ, फोटो लिने वा कुनै अडियो वा भिडियो रेकर्डिङ गर्न ।
  - o अन्य मतदाताहरु र आधिकारिक प्रतिनिधिहरुलाई तपाईको मतपत्रमा चिन्ह लगाउन आग्रह गर्न । आवश्यकता परेको खण्डमा तपाईले कानून बमोजिम मतदान अधिकारीको उपस्थितिमा PRO लाई तपाईको मतपत्रमा चिन्ह लगाउन अनुरोध गर्न सक्नुहुन्छ।
  - o मत हाल्ने अन्य मतदाताहरु वा आधिकारिक प्रतिनिधिहरुलाई हस्तक्षेप गर्न ।

- ICAC ले प्रासंगिक जानकारी प्रदान गर्न एक स्वच्छ निर्वाचन वेबसाइट स्थापना गरेको छ (दुवै अंग्रेजी र चिनियाँमा)। कृपया www.icac.org.hk/elections मा हेर्नुहोस् ।